# आ.व.२०८२।८३ को चौधौँ कार्यपालिका बैठक

आज मिति २०८२।१२।१५ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश विष्ट | |
| २ | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३ | सदस्य ( वडा नं. १ अध्यक्ष ) | श्री गेमे खड्का | |
| ४ | सदस्य ( वडा नं.-२ अध्यक्ष ) | श्री पहलवान चौधरी | |
| ५ | सदस्य ( वडा नं. ३ अध्यक्ष ) | श्री उमेश अधिकारी | |
| ६ | सदस्य ( वडा नं. ४ अध्यक्ष ) | श्री विर वहादुर चौधरी | |
| ७ | सदस्य ( वडा नं. ५ अध्यक्ष ) | श्री देव प्रसाद चौधरी | |
| ८ | सदस्य ( वडा नं. ६ अध्यक्ष ) | श्री दीपक कुमार चौधरी | |
| ९ | सदस्य ( वडा नं. ७ अध्यक्ष ) | श्री सिताराम चौधरी | |
| १० | सदस्य ( वडा नं. ८ अध्यक्ष ) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११ | सदस्य ( वडा नं. ९ अध्यक्ष ) | श्री रिम वहादुर सुनारी मगर | |
| १२ | सदस्य | श्री पार्वती सुवेदी | |
| १३ | सदस्य | श्री चम्फा भुसाल | |
| १४ | सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १५ | सदस्य | श्री गिता चौधरी | |
| १६ | सदस्य | श्री सावित्री चौधरी | |
| १७ | सदस्य | श्री संजिव परियार | |
| १८ | सदस्य सचिव | श्री देविराम पाठक | |
| **आमन्त्रित** | नाम | पद | हस्ताक्षर |
| १९ | अनिल आचार्य | प्रशासकीय अधिकृत | |
| २० | रेशमराज अधिकारी | राजश्व शाखा प्रमुख | |
| २१ | विकास भनाली | इ. अधिकृत | |
| २२ | | | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |

आ.व. २०८२।८३
बैठक नं.-१४
मिति २०८२।१२।१५

**मिति २०८२।१२।१५ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु।**

| क्र. सं. | प्रस्तावको संक्षिप्त व्यहोरा | निर्णय हुनुपर्ने विषय | कै |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा। | अघिल्लो कार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| २ | जिसस बाट प्राप्त अनुगमन प्रतिवेदन सम्बन्धमा। | अनुगमन प्रतिवेदन उपर छलफल गर्ने | |
| ३ | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली सम्बन्धमा। | प्राप्त प्रतिवेदन उपर छलफल गर्ने | |
| ४ | नदिजन्य पदार्थ उत्खनन् सम्बन्धमा । | ठेक्का नलाएका घाटको उत्खनन् पकृया अगाडी बढाउने। | |
| ५ | दोलाईखोलाको नदिजन्य पदार्थ हटाउने सम्बन्धमा। | जिल्ला जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापन समितिको बैठकले निर्णय कार्यान्वयन गर्ने | |
| ६ | बेरोजगार व्यक्तिहरुको प्राथमिकता क्रम सार्वजनिक गर्ने । | रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुको प्राथमिकता क्रम सार्वजनिक गर्ने । | |
| ७ | अदालतमा जवाफ पेश गर्ने सम्बन्धमा | उजुरी प्रशासक श्री सुवास भट्टराईलाई प्रतिनिधि तोक्ने। | |
| ८ | GEDSI अद्यावधिक सम्बन्धमा | मधेस मानव अधिकार गृह (माहुरीहोम) कपिलबस्तुलाई अनुमति दिने। | |
| ९ | वैकल्पिक सहायक राजमार्ग सम्बन्धमा | सडक योजना छनौट गर्ने। | |

आ.व. २०८२।८३
बैठक नं.-१४
मिति २०८२।१२।१५

**मिति २०८२।१२।१५ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु।**

**निर्णय नं.१** – यस अघिका कार्यपालिका बैठकको निर्णय सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २-** जिल्ला समन्वय समिति बाट प्राप्त नदिजन्य पदार्थको उत्खनन् तथा संकलन सम्बन्धी अनुगमन प्रतिवेदन माथि छलफल गरियो।

**निर्णय नं.३** – स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली( LGPAS) को स्वमूल्याङ्न समितिद्धारा पेश भएको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी अध्ययन तथा पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउने।

**निर्णय नं.४**– राप्ती नदीको देहाय बमोजिमको घाटहरुको नदिजन्यपदार्थ संकलन, निकासीका लागि स्वीकृत परिमाण बमोजिम २ पटक सम्म ठेक्का आव्हान गर्दा ठेक्का नपरेकोले स्थानीय विकास निर्माण कार्यहरु तथा निजी निर्माण कार्यका लागि आवश्यक ढुंगा, गिटी ,बालुवा आपूर्तिका लागि देहायका घाटहरुबाट वडा कार्यालयले तोकिए बमोजिमको रोयल्टी लिई संकलन/ निकासी गर्ने ब्यवस्था मिलाउने । यसरी रोयल्टी संकलन कार्यमा खटिने व्यक्ति/कर्मचारीलाई जम्मा संकलित कर बाहेकको राजस्वको १५ प्रतिशत रकम पारिश्रमिक स्वरुप उपलब्ध गराउने।

- राप्ती नदीको कटाहा घाट क
- राप्ती नदीको खुरुरिया घाट
- राप्ती नदीको बगरापुर घाट

**निर्णय नं. ५-** मिति २०८२।१२।१६ गते बसेको दाङ जिल्लाको जिल्ला जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम राप्ती गाउँपालिका वडा नं. ४, ५, ६ र ८ मा रहेको दोलाई खोलाको बहाव क्षेत्रमा थुप्रिएको माटो, ग्राभेल, भस्कट तथा गेग्गरहरुको कारण बर्षातको समयमा पानीको बहाव बढ्दा हुने क्षति न्युनिकरण गर्न तथा वस्ती बचाउनको लागी पालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन २०८२ बमोजिम हेभि मेसिन तथा श्रमिकको प्रयोग गरी खोलाको बहाव क्षेत्रमा थुप्रिएको माटो, ग्राभेल, भस्कट तथा गेग्गर निकाल्नको लागि पकृया अगाडि बढाउने।

**निर्णय नं.६**-रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुको प्राथमिकता क्रम सार्वजनिक गर्ने ।

प्रकाश विष्ट
अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८२।८३
बैठक नं.-१४
मिति २०८२।१२।१५

**निर्णय नं. ७-** सैनामैना नगरपालिका वडा नं ६ बस्ने नविन पौडल समेतले यस राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मसुरिया, दाङ समेतलाई विपक्षी बनाई परमादेश लगाएत जो चाँहिने आज्ञा आदेश जारी गरि पाँउ भनि श्री सर्वोच्च अदालतमा रिट नं ०८२-WO-२४४ दायर गरी सम्मानित अदालतबाट यस राप्ती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मसुरिया दाङको नाममा सूचना म्याद समेत तामेली भएकाले प्रस्तुत मुद्दामा यस राप्ती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको तर्फबाट श्री सर्वोच्च अदालतमा उपस्थित भई लिखित जवाफ पेश गरी तारेखमा रही मुद्दा पूर्पक्ष गर्नका लागि यस कार्यालयका सहायक कम्प्युटर अधिकृत पदमा कार्यरत श्री सुबास भट्टराई लाई प्रतिनिधि तोक्ने ।

**निर्णय नं.८-** राप्ती गाउँपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण परिक्षण (GEDSI) परिक्षण अद्यावधिकका लागि मधेस मानव अधिकार गृह (माहुरीहोम) कपिलबस्तुलाई अनुमति दिने।

**निर्णय नं. ९-** वैकल्पिक सहायक राजमार्ग कार्यक्रमका लागि तपशिलका योजनाहरु छनौट गर्ने।

- सासंद रोड समृद्धि मार्ग राप्ती ४, ८ र ७ हुदै दामोदर रोड जोड्ने सडक खण्ड
- राप्ती चक्रपथ वडा २ देखि वडा ४ जोड्ने उत्तरी खण्ड

**निर्णय नं.१०-** राप्ती गाउँपालिकाको कृषि क्षेत्रलाई प्रवर्द्धन र बजारिकरण गर्न कृषि हाटबजार संचालनका लागि सम्बन्धित निकायमा पेश गर्ने।

**देविराम पाठक**
**प्रमुख प्रशासकीय अधिकृत**